नेपाल सरकार

गृह मन्त्रालय

## सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय

मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय

भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भु, काठमाण्डौं।

# नयाँ भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/०५/११ गते, सूचना नं. ०१(०७८/०७९)**

'सशस्त्र प्रहरी बल' नेपालमा रिक्त रहेको साधारण समूह, साधारण उपसमूहतर्फ निम्न पदहरुमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु १०/- को टिकट टाँसी (स्वयं उपस्थित भई) आफुलाई पायक पर्ने 'सशस्त्र प्रहरी बल', नेपालको तोकिएको कार्यालयहरुमा दरखास्त फाराम बुझाउन सकिने गरी दरखास्त आह्वान गरिन्छ ।

१. **दरखास्त लिने मिति:** २०७८/०५/११ गते, १०:०० बजेदेखि २०७८/०६/१० गते, १७:०० बजेसम्म ।

२. **सम्पर्क मिति:**

**(क) सशस्त्र प्रहरी निरीक्षक मिति:** २०७८/०५/१३ गते, ११:०० बजे 'सशस्त्र प्रहरी बल' नेपाल प्रधान कार्यालय, हलचोक ।

**(ख) सशस्त्र प्रहरी सहायक निरीक्षक मिति:** २०७८/०६/१३ गते, ११:०० बजे दरखास्त फाराम दर्ता गरेका सम्बन्धित कार्यालयहरुमा ।

**(ग) सशस्त्र प्रहरी जवान मिति:** २०७८/०६/१३ गते, ११:०० बजे दरखास्त फाराम दर्ता गरेका सम्बन्धित कार्यालयहरुमा ।

**(घ) सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) मिति:** २०७८/०६/१३ गते, ११:०० बजे 'सशस्त्र प्रहरी बल' नेपाल प्रधान कार्यालय, हलचोक ।

३. **आवश्यक पद संख्या:**

| सि.नं. | | पद | विज्ञापन नम्बर | खुला | अमर/अशक्त स.प्र.क.सन्तति | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| १ | | सशस्त्र प्रहरी निरीक्षक | ०१ (०७८/०७९) | ४० | १ | ७ | ११ | ९ | ५ | २ | **७५** |
| २ | | सशस्त्र प्रहरी सहायक निरीक्षक | ०२ (०७८/०७९) | ७३ | २ | १३ | २० | १७ | ९ | ३ | **१३७** |
| ३ | | सशस्त्र प्रहरी जवान | ०३ (०७८/०७९) | ४०७ | ८ | ६८ | १०९ | ९५ | ५१ | १७ | **७५५** |
| ४ | क. | सशस्त्र प्रहरी परिचर (भान्छे) | ०४ (०७८/०७९) | ४७ | १ | ८ | १३ | ११ | ६ | २ | **८८** |
| | ख. | सशस्त्र प्रहरी परिचर (केश कर्तक) | ०५ (०७८/०७९) | ८ | - | १ | २ | २ | १ | - | **१४** |
| | ग. | सशस्त्र प्रहरी परिचर (कूचिकार) | ०६ (०७८/०७९) | ७ | - | १ | २ | २ | १ | - | **१३** |
| | घ. | सशस्त्र प्रहरी परिचर (सूचिकार) | ०७ (०७८/०७९) | ४ | - | १ | १ | १ | - | - | **७** |
| | ङ. | सशस्त्र प्रहरी परिचर (चर्मकर्मी) | ०८ (०७८/०७९) | २ | - | - | १ | १ | - | - | **४** |
| | च. | सशस्त्र प्रहरी परिचर (माली) | ०९ (०७८/०७९) | १ | - | - | १ | - | - | - | **२** |
| | **जम्मा परिचर संख्या** | | | **६९** | **१** | **११** | **२०** | **१७** | **८** | **२** | **१२८** |

४. **दरखास्त फाराम बुझाउने स्थानहरु:**

**(क) साधारण समूह:** साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी निरीक्षक पदको लागि:

| सि.नं. | दरखास्त फाराम वितरण तथा दर्ता गर्ने 'सशस्त्र प्रहरी बल' नेपालको कार्यालय तथा स्थान | सम्पर्क नं. |
|---|---|---|
| १ | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौं । | ०१-५२४९०२४ |
| २ | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, पकली, सुनसरी । | ९८५१२७२०२९ |
| ३ | सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, बर्दिवास, महोत्तरी । | ९८५१२७२०२४ |
| ४ | सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गढीमाई बाहिनी मुख्यालय, मकवानपुर । | ९८५१२७२१७६ |
| ५ | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, पोखरा, कास्की । | ९८५१२७२०२५ |
| ६ | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय, चन्द्रौटा, कपिलबस्तु । | ९८५१२७२०७८ |
| ७ | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, बाङ्गेसिमल, सुर्खेत । | ९८५१२७२०२६ |
| ८ | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, अत्तरिया, कैलाली । | ९८५१२७२०२७ |

**ख) साधारण समूह:** साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागि:

| सि.नं. | दरखास्त फाराम वितरण तथा दर्ता गर्ने सशस्त्र प्रहरी बल, नेपालको कार्यालय तथा स्थान | सम्पर्क नं. |
|---|---|---|
| १ | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौं । | ०१-५२४९०२४ |
| २ | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, पकली, सुनसरी । | ९८५१२७२०२९ |
| ३ | सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, बर्दिवास, महोत्तरी । | ९८५१२७२०२४ |
| ४ | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, पोखरा, कास्की । | ९८५१२७२०२५ |
| ५ | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय, चन्द्रौटा, कपिलबस्तु । | ९८५१२७२०७८ |
| ६ | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, बाङ्गेसिमल, सुर्खेत । | ९८५१२७२०२६ |
| ७ | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, अत्तरिया, कैलाली । | ९८५१२७२०२७ |

**ग) साधारण समूह:** साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी जवान पदको लागि:

| सि.नं. | दरखास्त फाराम वितरण तथा दर्ता गर्ने सशस्त्र प्रहरी बल, नेपालको कार्यालय तथा स्थान | सम्पर्क नं. |
|---|---|---|
| १ | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौं । | ०१-५२४९०२४ |
| २ | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, पकली, सुनसरी । | ९८५१२७२०२९ |
| ३ | सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, बर्दिवास, महोत्तरी । | ९८५१२७२०२४ |
| ४ | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, पोखरा, कास्की । | ९८५१२७२०२५ |
| ५ | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, अत्तरिया, कैलाली । | ९८५१२७२०२७ |
| ६ | सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा तालिम शिक्षालय बर्दघाट, पश्चिम नवलपरासी । | ९८५१२७२०६१ |
| ७ | सशस्त्र प्रहरी बल, नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय, नौबस्ता, बाँके । | ९८५१२७२०६३ |

**घ) साधारण समूह:** साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदको लागि:

| सि.नं. | दरखास्त फाराम वितरण तथा दर्ता गर्ने सशस्त्र प्रहरी बल, नेपालको कार्यालय तथा स्थान | सम्पर्क नं. |
|---|---|---|
| १ | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौं । | ०१-५२४९०२४ |

५. **नियुक्ति हुनको लागि आवश्यक योग्यता:**

| सि.नं. | पद | आवश्यक न्युनतम योग्यता |
|---|---|---|
| १ | सशस्त्र प्रहरी निरीक्षक | (१) विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पुरा भई २५ वर्ष ननाघेको ।<br>(२) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>(३) शैक्षिक योग्यता: मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको,<br>(४) पुरुषको लागि कम्तीमा पाँच फिट दुई इन्च र महिलाको लागि कम्तीमा पाँच फिट उचाई भएको,<br>(५) पुरुषको लागि कम्तीमा ५० के.जी. र महिलाको लागि कम्तीमा ४२ के.जी. तौल भएको,<br>(६) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने),<br>(७) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(८) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने)<br>(९) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>(१०) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>(११) दरखास्त दिँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>(१२) आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>(१३) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>(१४) मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,<br>(१५) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| २ | सशस्त्र प्रहरी सहायक निरीक्षक | (१) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पुरा भई २३ वर्ष ननाघेको ।<br>(२) शैक्षिक योग्यता: +२ वा सो सरहको उपाधि प्राप्त गरेको,<br>(३) पुरुषको लागि कम्तीमा पाँच फिट दुई इन्च र महिलाको लागि कम्तीमा पाँच फिट उचाई भएको,<br>(४) पुरुषको लागि कम्तीमा ५० के.जी. र महिलाको लागि कम्तीमा ४२ के.जी. तौल भएको,<br>(५) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने),<br>(६) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(७) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने)<br>(८) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>(९) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>(१०) दरखास्त दिँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>(११) आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>(१२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>(१३) मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,<br>(१४) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| ३ | सशस्त्र प्रहरी सहायक जवान | (१) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पुरा भई २२ वर्ष ननाघेको ।<br>(२) कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको,<br>(३) पुरुषको लागि कम्तीमा पाँच फिट दुई इन्च र महिलाको लागि कम्तीमा पाँच फिट उचाई भएको,<br>(४) पुरुषको लागि कम्तीमा ५० के.जी. र महिलाको लागि कम्तीमा ४२ के.जी. तौल भएको,<br>(५) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको (महिलाको लागि नपर्ने),<br>(६) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(७) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने)<br>(८) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>(९) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>(१०) दरखास्त दिँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>(११) आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>(१२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>(१३) मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,<br>(१४) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| ४ | सशस्त्र प्रहरी परिचर (ट्रेडहरु सबै) | (१) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको ।<br>(२) साधारण लेखपढ गर्न जानेको,<br>(३) पुरुषको लागि कम्तीमा पाँच फिट र महिलाको लागि कम्तीमा चार फिट दश ईन्च उचाई भएको,<br>(४) पुरुषको लागि कम्तीमा ५० के.जी. र महिलाको लागि कम्तीमा ४२ के.जी. तौल भएको,<br>(५) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको (महिलाको लागि नपर्ने),<br>(६) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(७) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने)<br>(८) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>(९) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>(१०) दरखास्त दिँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>(११) आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>(१२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>(१३) मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,<br>(१४) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |

६. **राजस्व दस्तुर:**

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १ | सशस्त्र प्रहरी निरीक्षक | दरखास्त बुझाउँदा **रु १०००।-(एक हजार रुपैंया)** बुझाउँनु पर्ने छ । साथै समावेशी तर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको **२०% (रु २००)** रकम थप दस्तुर बुझाउनु पर्नेछ। |
| २ | सशस्त्र प्रहरी सहायक निरीक्षक | दरखास्त बुझाउँदा **रु ३००।-(तीन सय रुपैंया)** बुझाउँनु पर्ने छ । साथै समावेशी तर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको **२०% (रु ६०)** रकम थप दस्तुर बुझाउनु पर्नेछ। |
| ३ | सशस्त्र प्रहरी जवान | दरखास्त बुझाउँदा **रु १५०।-(एक सय पचास रुपैंया)** बुझाउँनु पर्ने छ । साथै समावेशी तर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको **२०% (रु ३०)** रकम थप दस्तुर बुझाउनु पर्नेछ। |
| ४ | सशस्त्र प्रहरी परिचर (ट्रेडहरु सबै) | दरखास्त बुझाउँदा **रु १००।-(एक सय रुपैंया)** बुझाउँनु पर्ने छ । साथै समावेशी तर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूह को लागि प्रति समूह परीक्षा दस्तुरको **२०% (रु २०)** रकम थप दस्तुर बुझाउनु पर्नेछ। |

७. **दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु अनिवार्यरुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ:**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एक (१) प्रति।

(ख) हालसालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो पाँच (५) प्रति।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि एक/एक (१/१) प्रति । (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) र सशस्त्र प्रहरी जवान पदको लागि आठ कक्षा उत्तीर्ण गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ) ।

(घ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि एक (१) प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि एक (१) प्रति ।

(ङ) **मधेसीका लागि** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि एक (१) प्रति ।

(च) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि एक (१) प्रति राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि एक (१) प्रति ।

(छ) **पिछडिएका क्षेत्रका** लागि **अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला** जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त दिँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिस गरिएको प्रतिलिपि एक (१) प्रति ।

८. **परीक्षा विधि:**

(क) प्रारम्भिक शारीरिक परिक्षण ।

(ख) शारीरिक सहिष्णुता परीक्षा ।

(ग) विस्तृत स्वास्थ्य परिक्षण ।

(घ) आई.क्यू. परीक्षा: पूर्णाङ्क ५० साधारण समूहतर्फ सशस्त्र प्रहरी निरीक्षक पदको लागि मात्र लोक सेवा आयोगद्वारा लिईने छ ।

(ङ) लिखित परीक्षा: निम्न अंकभार सहितको बिषयहरुको लिखित परीक्षा लोक सेवा आयोगद्वारा लिईने छ ।

**अ) सशस्त्र प्रहरी निरीक्षक:**

| सि.नं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १ | नेपाली | ५० |
| २ | अंग्रेजी | ५० |
| ३ | सामान्य ज्ञान | ५० |
| ४ | संविधान तथा कानुनहरु | ५० |
| ५ | सेवा सम्बन्धी | १०० |

**आ) सशस्त्र प्रहरी सहायक निरीक्षक:**

| सि.नं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १ | नेपाली र अंग्रेजी | १०० |
| २ | सामान्य ज्ञान र आई.क्यू. | १०० |
| ३ | संविधान र सेवा सम्बन्धी | १०० |

**इ) सशस्त्र प्रहरी जवान:**

| सि.नं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १ | नेपाली, अंग्रेजी, गणित र सेवा सम्बन्धी | १०० |

(च) गुणमापक परीक्षा: सशस्त्र प्रहरी निरीक्षक पदको लागि मात्र ।

(छ) प्रयोगात्मक परीक्षा: सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदको लागि मात्र ।

(ज) विशेष स्वास्थ्य परीक्षण ।

(झ) अन्तर्वार्ता ।

**पुनश्च:**

(१) साधारण समूह, साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागि आफुलाई पायक पर्ने बुँदा नं. ४ (क) र सशस्त्र प्रहरी जवान पदको लागि आफुलाई पायक पर्ने बुदा नं. ४ (ख) तथा सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदको लागि आफुलाई पायक पर्ने बुँदा नं. ४ (ग) मा उल्लेखित सशस्त्र प्रहरी बल, नेपालको जुनसुकै कार्यालय/स्थानबाट दरखास्त फाराम दर्ता गर्न सकिने छ ।

(२) सशस्त्र प्रहरी निरीक्षक पदका निमित्त सिं. नं ४ (क) मा उल्लेखित जुनसुकै कार्यालयमा दरखास्त फाराम बुझाएता पनि सम्पर्क लगायत सम्पूर्ण छनौट परीक्षाहरु **सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोक स्वयम्भुमा** हुनेछ ।

(३) सशस्त्र प्रहरी सहायक निरीक्षक पदको सम्पर्क लगायत प्रारम्भिक शारीरिक परीक्षणदेखि लिखित परीक्षासम्म दरखास्त फाराम दर्ता गरिएका सम्बन्धित कार्यालयहरुमा र लिखित परीक्षाको नतिजा प्रकाशन लगायत सो भन्दा पछिका परीक्षाहरु मानवश्रोत बिभाग, मानवश्रोत निर्देशनालय, भर्ना तथा छनौट शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा हुनेछ ।

(४) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कलै प्रति साथमा लिई उपस्थित हुनु पर्नेछ ।

(५) हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईने छ।

(६) परीक्षा संचालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशीतर्फ उम्मेदवारहरु बिच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(७) लिखित र अन्तर्वार्ता परीक्षाको नतिजा निम्नानुसारको क्रममा प्रकाशन गरिने छ ।

(क) खुला (ख) महिला (ग) आदिवासी/जनजाति (घ) मधेसी
(ङ) दलित (च) पिछडिएको क्षेत्र (छ) अमर/अशक्त स.प्र.क. सन्तति

(८) नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको आधारभूत तालिम गर्नुपर्नेछ।

(९) दरखास्त फाराम सशस्त्र प्रहरी बल, नेपालको वेभसाईट **www.apf.gov.np** बाट डाउनलोड गरेर वा फोटोकपी गरेर आवश्यक कागजपत्रहरु राखी आफुलाई पायक पर्ने तोकिएको सशस्त्र प्रहरी बल, नेपालको कार्यालयमा बुझाउन सकिनेछ।

(१०) दरखास्त फाराम पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमा नै ल्याउनु पर्नेछ।

(११) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनुपर्नेछ (पुरुषको लागि मात्र) ।

(१२) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

(१३) **यस विज्ञापनसँग सम्बन्धित परीक्षा संचालन हुने परीक्षा केन्द्र लगायत परीक्षा तालिका दरखास्त फाराम दर्ता गराएको कार्यालयहरुबाट सम्पर्क मितिका दिन जानकारी गराईने छ ।**

(१४) सम्पूर्ण पदको पाठ्यक्रम सशस्त्र प्रहरी बल, नेपालको वेभसाईट **www.apf.gov.np** मा उपलब्ध गराईएको छ ।

(१५) सशस्त्र प्रहरी नियमावली २०७२ को नियम १२ को उपनियम (छ) बमोजिम लिखित परीक्षाको नतिजा प्रकाशन हुनु भन्दा अघि सम्म रिक्त हुन आएको पदलाई सोही विज्ञापनमा समावेश गर्न सकिने छ ।

**नोट:**

(१) सशस्त्र प्रहरी जवान पदको आधारभूत तालिम प्राप्त विभागीयहरुको हकमा प्रथमपटक विज्ञापन प्रकाशित मितिमा ३० (तीस) वर्ष उमेर पुरा नभएसम्म सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पूर्ति हुने सशस्त्र प्रहरी निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा र सशस्त्र प्रहरी परिचर पदको आधारभूत तालिम प्राप्त विभागीयहरुको हकमा सशस्त्र प्रहरी जवान पदको लागि उम्मेदवार हुन सक्नेछन् ।

(२) उम्मेदवारहरुले परीक्षाको मिति, स्थान, समय र परीक्षाको नतिजा सशस्त्र प्रहरी बल, नेपालको वेभसाईट **www.apf.gov.np** बाट तथा नेपाल टेलिकमको **SMS** सेवा मार्फत **RCT <Space>** दर्ता नं. टाईप गरी ११७४ मा **SMS** गरी जानकारी लिन सकिनेछ । तर, प्राविधिक कारणबस नतिजा बाझिन गएमा आधिकारीक पत्रद्वारा प्रकाशित सूचना नै मान्य हुनेछ ।

मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
**भर्ना तथा छनौट शाखा,**
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौं ।